म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्ष:१५ अङ्क:- २९७ २०८१ असोज ४ गते शुक्रबार 20 September 2024, Friday - पृष्ठ ४ मूल्य रू. ५/-

## १ करोड बढीको सामग्रीसहित २ जना पक्राउ

हेटौंडाः पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौंडा-१५, रातोमाटेबाट भन्सार छलेर अवैध रुपमा ल्याइएको एक करोड रुपैयाँ बढीका सामग्री प्रहरीले नियन्त्रणमा लिएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार हेटौंडा-१५ स्थित रातोमाटे चौकीबाट भन्सार छलेर ल्याइएको १ करोड ३५ लाख रुपैयाँको लत्ताकपडासहित २ जनालाई पक्राउ गरिएको छ ।

बुधबार दिउँसो ३ बजेको समयमा विशेष सुचनाको आधारमा जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरी उपरीक्षक सीताराम रिजालको कमाण्डमा खटिएको प्रहरी टोलीले रातोमाटे चेकपोष्टमा सुनसरीबाट हेटौंडा हुँदै काठमाडौं जाँदै गरेको भारतीय ट्रकमा भन्सार छलेर ल्याइएको कपडा बरामद गरिएको हो । प्रहरी उपरीक्षक रिजालका अनुसार बीआर ०५ जीडी १३४३ नम्बरको भारतीय ट्रकलाई सुरक्षाजाँच गर्ने क्रममा अवैध कपडा फेला परेको थियो । ट्रकमा ३४५ बोरा आलुको भन्सार बिल... *बाँकी पृष्ठ ३ मा*

## पलेशा गोवर्द्धनलाई नगर परिक्रमा गरी १० लाखसहित सम्मान



*पदक विजेता पलेशा गोवर्द्धनलाई नगरपरिक्रमा गराइँदै ।*

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारले पेरिस पारा ओलम्पिकमा पदक दिलाएकी पलेशा गोवर्द्धनलाई १० लाख रुपैयाँसहित सम्मानित गरेको छ । बिहिबार मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयमा संविधान दिवसको अवसरमा आयोजित एक समारोहमा पलेशालाई नगद पुरस्कार प्रदान गरिएको हो । प्रदेश सरकारले हेटौंडामा बजार परिक्रमासहित कांस्य पदक विजेता पलेशालाई सम्मानित गरिएको हो ।

प्रदेश खेलकुद विकास परिषद्को व्यवस्थापनमा पदक विजेता पलेशालाई हेटौंडा परिक्रमा गराएको हो । पलेशाका प्रशिक्षक कविराज नेगीलाई २ लाख र नेपाल तेक्वान्दो संघ बागमती प्रदेश समितिलाई १ लाख रुपैयाँ प्रदान गरिएको थियो । त्यस्तै १९ औं एसियाली खेलकुदमा करातेमा नेपाललाई ऐतिहासिक रजत पदक दिलाएकी एरिका गुरुङलाई ५ लाखसहित सम्मान गरिएको छ । एरिकाले एसियाडमा महिला ६८ केजी तौल समूहमा ऐतिहासिक रजत जितेकी थिइन् । प्रदेश सरकारले एरिकाको प्रशिक्षक कुशल श्रेष्ठलाई १ लाख र नेपाल कराते महासंघ बागमती प्रदेश समितिलाई १ लाख रुपैयाँ प्रदान गरेको हो । उनीहरुलाई बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामा, खेलकुद मन्त्री मिनकृष्ण महर्जनले सम्मानपत्र एवम् नगद हस्तान्तरण गर्नुभएको थियो । एरिका र कुशलसहित नेपाली कराते टोली अहिले एसियाली च्याम्पियनसिप खेल्न चीन पुगेका छन् ।

## संविधान दिवसको अवसर हेटौंडामा प्रभातफेरी

समाज संवाददाता

हेटौंडाः संविधान दिवस तथा राष्ट्रिय दिवसको अवसरमा बागमती प्रदेश सरकारले प्रभातफेरी कार्यक्रम आयोजना गरेको छ । संविधान जारी भएको ९ वर्ष पूरा भएको अवसरमा प्रदेश राजधानी हेटौंडामा आयोजित प्रभातफेरी हेटौंडा बजार क्षेत्र परिक्रमा गरी मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयमा पुगेर औपचारिक समारोहमा परिणत भएको थियो ।

बिहान ७ बजे हेटौंडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालय परिसरबाट सुरु भएको प्रभातफेरी स्कुलरोड, बुद्धचोक, चौकीटोल, मानसचोक हुँदै मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय पुगेको थियो । झाँकी तथा बाजासहितको प्रभातफेरीमा मुख्यमन्त्री बहादुर सिंह लामा, प्रदेशका विभागीय मन्त्री, प्रदेश सभा सदस्य, मन्त्रालयका सचिवहरु, कर्मचारी, सुरक्षा निकायका पदाधिकारी लगायतको उपस्थिति रहेको थियो । बागमती प्रदेश सरकारले संविधान दिवस मनाउन मुख्यमन्त्री लामाको अध्यक्षतामा ४३ सदस्यीय मूल समारोह समिति गठन गरेको थियो ।

## दुर्घटना न्यूनीकरणका लागि सवारी चालकलाई प्रतिबद्धता

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले चाडपर्वलक्षित सवारी दुर्घटना न्यूनीकरणका लागि सवारी चालकको प्रतिवद्धता कार्यक्रम सुरु गरेको छ । बिहीबार हेटौंडा-१० स्थित बसपार्कमा आयोजित एक कार्यक्रमका बीच बागमती प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले कार्यक्रमको सुरुवात गर्नुभएको हो ।

मन्त्री लामिछानेले उक्त कार्यक्रमले नजिकिँदै गरेको चाडपर्वमा हुनसक्ने दुर्घटना जोखिम न्यूनीकरणमा मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभएको छ । उहाँले सवारी चालकहरुले सुरक्षित तरिकाले सवारी चलाएर यात्रुलाई पनि सुरक्षित बनाउनुपर्ने बताउनुभयो । उहाँले ५ बुँदे प्रतिबद्धता भएको स्टीकर वितरण गर्दै प्रतिबद्धता पूर्णरूपमा पालना गर्न आग्रह गर्नुभएको छ ।

बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडा मातहत १० जिल्लाहरूबाट एकैपटक चाडपर्वलक्षित सवारी दुर्घटना न्यूनीकरणका लागि सवारी चालकहरूसँगको प्रतिबद्धता कार्यक्रम गरिएको छ । सोही कार्यक्रममा बिहीबार बागमती प्रदेश प्रहरी कार्यालय मातहतका अन्य ९ जिल्लाहरूमा प्रमुख जिल्ला अधिकारी, नगरप्रमुख र जिल्ला प्रहरी प्रमुखहरुबाट एकैपटक कार्यक्रम उद्घाटन गरी ७ सय ३८ जना सवारी चालकहरूलाई प्रतिबद्धता गराइएको छ ।

सवारी चालकहरुलाई हतारमा गाडी नचलाई दुर्घटनाबाट बचाउने, मद्यपान, धुमपान र लागूपदार्थ सेवन नगरी सवारी साधन चलाउने, गाडीको अवस्था चेकजाँच गरेरमात्र सडकमा निकाल्ने, ट्राफिक जरिवाना नपर्ने गरी यात्रा गर्नेजस्ता प्रतिबद्धता गराइएको हो ।

कार्यक्रममममा बागमती प्रदेशको श्रम, रोजगार तथा यातायातमन्त्री प्रेमभक्त महर्जन, आन्तरिक मामिला तथा कानुन सचिव पूर्णबहादुर दर्जी, मकवानपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवाल, बागमती प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक कृष्णहरि शर्मा र हेटौंडा-१० का वडाध्यक्ष फुर्वा दोर्जे लामालगायत यातायात व्यवसायीहरुको उपस्थिति रहेको थियो ।

## राज्यले खेलकुद क्षेत्रलाई सम्बोधन गर्न सकेको छैनः मन्त्री महर्जन

समाज संवाददाता

हेटौंडाः बामगती प्रदेशका युवा तथा खेलकुद मन्त्री मीनकृष्ण महर्जनले राज्यले खेलकुद क्षेत्रलाई सम्बोधन गर्न नसकेको बताउनुभएको छ । उहाँले खेल क्षेत्र र खेलाडीहरुले नै देशलाई अन्तर्राष्ट्रियस्तरमा चिनाउने भएपनि राज्यले खेलकुद क्षेत्रमा लगानी बढाउन नसकेको बताउनुभयो ।

बागमती प्रदेश सरकारले आयोजना गरेको खेलाडी सम्मान समारोहलाई सम्बोधन गर्नुहुँदै मन्त्री महर्जनले खेलाडीहरुको उच्च सम्मानमा प्रदेश सरकार प्रतिवद्ध रहेको बताउनुभयो । राज्यले खेल क्षेत्रलाई उचित सम्बोधन नगर्दा खेलाडी विदेश पलायन हुने अवस्था बढिरहेको उहाँको भनाई छ । "ऐतिहासिक पदक विजेता खेलाडी सविता राजभण्डारी नै नेपाल बस्नुहुन्न । दीपक विष्ट जस्ता खेलाडी कुन दिन विदेश हिँड्ने हो टुंगो छैन । दक्षिण एसियाकै पहिलो रेकर्डका रुपमा आठौं, नवौं, दशौं संस्करणको साफ गेममा स्वर्ण पदक विजेता खेलाडी हामी माझ छन् । तर, भविष्य निर्माणका लागि विदेश पलायन हुने भन्ने ठेगान छैन ।" मन्त्री महर्जनले भन्नुभयो ।

बागमती प्रदेश सरकारले कार्यविधी नै तयार गरेर खेलाडीहरुलाई सम्मान र पुरस्कार दिने व्यवस्था गर्ने योजना रहेको मन्त्री महर्जनले जानकारी दिनुभयो । खेलाडीहरुले खेलेर नै जीविकोपार्जन गर्ने र भविष्य उज्ज्वल गर्ने प्रदेश सरकारको ध्येय रहेको उहाँले बताउनुभयो । उहाँका अनुसार युवा तथा खेलकुद मन्त्रालयबाट कार्यविधी नै तयार पारेर खेलाडी प्रोत्साहनस्वरुप विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताको नतिजा र पदक अनुसार पुरस्कृत गर्ने योजना बनाएको छ । बागमतीको खेलाडीहरुको भविष्य उज्ज्वल पार्न र अन्य प्रदेशलाई पनि सिकाउने उद्देश्य अनुसार नीतिगत र कानुनी रुपमा नै पदक विजेता खेलाडीलाई निश्चित रकम तोकेर पुरस्कृत गर्ने योजना रहेको उहाँले स्पष्ट पार्नुभयो ।

"बागमती प्रदेशबाट प्रतिनिधित्व गर्ने खेलाडी पलेशाले देशका लागि पारा ओलम्पीकमा ऐतिहासिक कास्य पदक ल्याएकी छिन् । यो बागमती प्रदेशका लागि महत्वपूर्ण क्षण हो । एरिका गुरुङले २५ वर्षपछि एशियन गेम्स अन्तर्गत कराँतेमा रजत पदक प्राप्त गरेकी थिइन् । देश चलाउने नेताहरुलाई पदक विजेता खेलाडी पलेशालाई सम्मान गर्न भ्याइनभ्याइ छ । राष्ट्रिपतिदेखि प्रधानमन्त्री र ठुला प्रतिष्ठित नेताहरुले उहाँलाई सम्मान गरिरहेका छन् । यो नै खेलकुदको प्रतिष्ठा हो ।' मन्त्री महर्जनले भन्नुभयो ।

## ५ जिल्लामा ६ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको ५ जिल्लामा एकैदिन ६ जनाको मृत्यु भएको छ । प्रदेशको काभ्रे, सिन्धुपाल्चोक, चितवन, दोलखा र सिन्धुलीमा गरी ६ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

काभ्रेको बनेपा नगरपालिका-१४, नासिकामा एकजना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा भुम्लु गाउँपालिका-१ घर भई हाल नासिका बस्ने ३० वर्षीय मनिन्द्र गिरी रहको प्रहरीले जानकारी दिएको छ ।

गिरी बुधबार दिउँसो २ बजेसम्म पनि कोठा बाहिर ननिस्केको र कोठा भित्रबाट बन्द रहेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी टोली खटी गई ढोका फोरेर हेर्दा गिरी आफ्नै कोठामा सुतिरहेको अवस्थामा मृत फेला परेका थिए ।

सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिका-४, ग्याल्थुममा अचेत अवस्थामा फेला परेका पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा भारतको मोतिहारी घर भई हाल ग्याल्थुम बस्ने २२ वर्षीय जवेर अन्सारी रहेको प्रहरीले जनाएको छ ।

अन्सारी कोठा भाडामा बसी सिलाई कढाईको काम गर्दै आएका थिए । अन्सारी बुधबार दिउँसो ३ बजेको समयमा मादक पदार्थ सेवन गरी अचेत अवस्थामा फेला परेका थिए । अन्सारीलाई उपचारका लागि मेलम्ची नगर अस्पतालमा पुर्‍याइएको थियो । उपचारको क्रममा ४ बजेको समयमा अन्सारीलाई डाक्टरले मृत घोषणा गरेका थिए ।

चितवनको भरतपुर महाानगर पालिका-१२, थानीचोकमा एक पुरुष मृत फेला परेका छन् । बुधबार दिउँसो २ बजेर ४५ मिनेटको समयमा सडक पेटीमा नामथर नखुलेको तराई मुलका अन्दाजी ४५ वर्षीय पुरुष मृत फेला परेका हुन् । उनको मुचुल्कापश्चात् शव पोष्टमार्टमको लागि भरतपुर अस्पताल पठाइएको छ ।

यस्तै, चितवनको राप्ती नगर पालिका-९, सुख्खा खोलामा बेहोस अवस्थामा फेला परेका पुरुषको पनि मृत्यु भएको छ । मृत्यु हुनेमा राप्ती नगर पालिका-१०, ढाटखोला बस्ने ४० वर्षीय दलबहादुर चेपाङ रहेका छन् ।

बुधबार दिउँसो ४ बजेर ५० मिनेटको समयमा चेपाङ बेहोस अवस्थामा फेला परेको प्रहरीले जनाएको छ । चेपाङलाई उपचारका लागि भरतपुर अस्पताल पठाइएको थियो । उनको उपचारको क्रममा बेलुका ७ बजेर २० मिनेटको समयमा मृत्यु भएको थियो ।

प्रहरीका अनुसार दोलखाको बिगु गाउँपालिका-४ स्थित झोरुङ खोलामा एक जना वृद्धा मृत फेला परेकी छन् । मृत फेला पर्नेमा बिगु गाउँपालिका-८, आहाले बस्ने ७५ वर्षीया सोमिता थामी रहेको प्रहरीले जनाएको छ ।

थामी भदौ ३१ गते सोमबार दिउँसो ३ बजेदेखि परिवारको सम्पर्कमा थिइनन् । उनी बुधबार दिउँसो २ बजेको समयमा झोरुङ खोलामा ढुङ्गाको चेपमा मृत अवस्था फेला परेकी थिइन् ।

त्यसैगरी, सिन्धुलीको कमलामाई नगरपालिका-२ स्थित मरिण खोलामा पौडी खेल्ने क्रममा एक किशोर वेपत्ता भएका छन् । पौडी खेल्दा वेपत्ता भएका ती किशोरको बुधबार शव फेला परेको थियो ।

प्रहरीका अनुसार गोलन्जोर गाउँपालिका-५, खनियाँखर्क घर भई हाल कमलामाई नगरपालिका-६, पानी टयांकीमा डेरा बस्ने १९ वर्षीय लालबहादुर खपाङ्गी बुधबार मरिण खोलामा पौडी खेल्ने क्रममा डुबी बेपता भएका थिए । खपाङ्गी खोलाको दह मुनि मृत अवस्थामा फेला परेका थिए ।

## संविधानले जनताको अधिकारलाई आत्मसात गरेको छः प्रदेश प्रमुख देवकोटा

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका प्रदेश प्रमुख दीपक प्रसाद देवकोटाले संविधानले जनताको अधिकारलाई आत्मसात गरेको बताउनुभएको छ । संविधानले राष्ट्रको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखेको उहाँले बताउनुभयो ।

संविधान दिवसको अवसरमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बिहिबार आयोजित समारोहलाई सम्बोधन गर्नुहुँदै प्रदेश प्रमुख देवकोटाले इतिहासमा पहिलो पटक जनताद्वारा निर्वाचित जनप्रतिनिधिहरुले संविधानसभा मार्फत जारी भएको संविधान आफैँमा उत्कृष्ट रहेको बताउनुभयो । जनताको प्रतिस्पर्धामक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, निष्पक्ष तथा सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणा संविधानको मुख्य विशेषता रहेको उहाँको भनाई छ ।

"संविधानले नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखेको छ । जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गरेको छ", प्रदेश प्रमुख देवकोटाले भन्नुभयो, "संविधानले नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्रताको विशेषता बोकेको छ । विविधतामा एकता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रवर्द्धनमा संविधानले जोड दिएको छ ।"

लोकतान्त्रिक गणतन्त्रका उपलब्धिलाई संस्थागत गर्न संविधानले मार्गदर्शन गरेको उहाँले बताउनुभयो । संविधानको मर्म र भावनालाई अक्षरशः पालना गरेमा देश समृद्धितर्फ द्रुतगतिमा अघि बढ्ने उहाँले विश्वास व्यक्त गर्नुभयो । इतिहासका विभिन्न कालखण्डमा नेपाली जनताको त्याग र बलिदानको उपज यो संविधान नेपाली जनभावना र मर्म सापेक्ष रहेको उहाँले बताउनुभयो । "संविधानले निर्दिष्ट गरेका पक्षहरुलाई कार्यान्वयन गर्दै अघि बढ्दा सकारात्मक परिणाम प्राप्त हुनेछ । कार्यान्वयनको इमान्दारितामा सबै पक्षको उचित पहल अनिवार्य छ", उहाँले भन्नुभयो ।



## सम्पादकीय

# शिक्षामा अभिभावकको चासो

शिक्षा प्रदान गर्ने विद्यालय विभिन्न समुदाय, वर्ग, समूह, धर्म, जातजाति, सम्प्रदायको साझा स्थल हो । समुदायमा रहेका बालबालिकालाई शिक्षा दिने विद्यालयमा समुदायकै बढी चासो आवश्यक हुन्छ । विद्यालयको गतिविधि, क्रियाकलाप तथा उन्नति-अवनतिको पहरेदारी गर्ने र चासो राख्ने काम समुदायबाटै हुनुपर्दछ । समुदायका विभिन्न व्यक्तिमध्ये पनि आफ्ना बालबालिका पढाउने अभिभावक विद्यालयका अभिन्न अंग बन्नु आवश्यक छ । विद्यालयसँग अभिभावक, विद्यार्थी, शिक्षक, प्रधानाध्यापक, व्यवस्थापन समिति, शिक्षा प्रशासन, जनप्रतिनिधि, सरकार सबै जोडिएका भए पनि अभिभावकको चासो, चिन्ता र भूमिकाको औचित्य बढी हुनु आवश्यक छ । विद्यालय शिक्षाको विकास तथा सुधारको लागि कुनै एक पक्षमात्र जिम्मेवार भएर हुँदैन । तर, सचेत र जागरुक अभिभावक जिम्मेवार भए भने अन्य पक्षलाई जिम्मेवार बनाउन निकै सहज हुने निश्चित छ ।

बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले पनि शिक्षाको गुणस्तर बढाउन अभिभावकको चासो बढी हुनुपर्नेमा जोड दिएका छन् । शिक्षा क्षेत्रको गुणस्तर बढाउन र नतिजामुखी बनाउन अभिभावकलाई जिम्मेवार बनाउनुपर्ने उनको भनाइ छ । बालबालिकालाई अभिभावकको निगरानीमा राख्न सकेमा शैक्षिक गुणस्तर सुधारभएर उपलब्धीमूलक नतिजा हासिल हुने मुख्यमन्त्रीले बताएका हुन् । पारिवारिक वातावरण, अभिभावकको हेरचाह, निगरानी तथा व्यवहारले शैक्षिक गुणस्तर निर्धारण हुने उनको भनाइ छ । शिक्षक, अभिभावक र विद्यार्थीको समन्वयबाट शैक्षिक गुणस्तर सुधार हुने उनले बताएका छन् । असल नागरिक निर्माणमा शिक्षाको महत्वपूर्ण भूमिका रहने भएकाले सामुदायिक विद्यालयको गुणस्तर सुधारमा प्रदेश सरकार गम्भीर रहेको मुख्यमन्त्रीको भनाइ छ । शिक्षालाई अनुसन्धानात्मक र व्यवहारिक बनाउन जरुरी रहेको भन्दै सोहीअनुसार बागमती प्रदेश सरकारले काम गरिरहेको मुख्यमन्त्री लामाले बताएका छन् ।

बालबालिकाको पहिलो पाठशाला घर र आमाबाबु पहिलो शिक्षक हुन् । बालबालिकाको सिकाइको सुरुवात घर, परिवार र परिवारका सदस्यहरुबाटै हुन्छ । बालबालिकालाई विद्यालय भर्ना गर्दैमा अभिभावकको दायित्व पूरा हुँदैन । विद्यार्थीको पठनपाठन सुधारमा अभिभावकको पनि महत्वपूर्ण भूमिका हुन्छ । आफ्ना बालबालिकाले विद्यालयमाा के सिकिरहेका छन् ? विद्यालयमा कस्तो वातावरण छ ? भन्ने कुरा प्रत्यक्ष हेर्ने, बुझ्ने गर्नुका साथै अभिभावकले विद्यालयका सबै पक्षमा सूक्ष्म निगरानी गर्नु आवश्यक छ । बालबालिकालाई विद्यालय र घरमा पढ्ने उचित वातावरण सिर्जना गरेर उनीहरुको सिकाइ सुनिश्चितता गर्न अभिभावक सजग बन्नैपर्छ । बालबालिकालाई विद्यालय पठाइसकेपछि अभिभावकले आफ्नो दायित्व कम भयो वा सकियो भन्ने सोच्नु हुँदैन । अभिभावकले बालबालिका विद्यालय पठाउन थालेपछि आफ्नो थप दायित्व सुरु भएको सोचेर त्यही अनुसार थप सक्रियता बढाउनुपर्छ ।

बालबालिकालाई सहजरुपमा शिक्षा प्रदान गर्न अभिभावक र शिक्षकको सामूहिक भूमिका रहन्छ । विद्यालय जाने बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्दै विद्यालय र शैक्षिक गतिविधिमा सुधार ल्याउन शिक्षक र अभिभावकबीच हातेमालो गर्नु आवश्यक छ । समग्र विद्यालयको शैक्षिक अवस्था सुधार गर्न, समुदाय र आफ्ना बालबालिकाको सुन्दर भविष्य निर्माणका लागि अभिभावकले जिम्मेवार भएर आवश्यक प्रयत्न गर्नुपर्छ, जुन सामुदायिक विद्यालयमा कम छ । संस्थागत विद्यालयमा अभिभावक, शिक्षक र विद्यार्थीको नियमित सम्पर्क भइरने भए पनि सामुदायिक विद्यालयमा अभिभावक बिरलै विद्यालय जान्छन् । धेरैजसो अभिभावक आफ्ना बालबालिकाको पठनपाठन र उनीहरु पढ्ने विद्यालयको गतिविधिप्रति उदासीन छन् । राज्यस्तरबाटै विद्यालय शिक्षामा अभिभावकलाई सक्रिय बनाउन थप प्रभावकारी व्यवस्था लागू हुनुपर्छ । विद्यालयले पनि विद्यार्थीको पढाइप्रति अभिभावकको संलग्नता र चासो बढाउन प्रभावकारी उपाय अपनाउनु पर्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : अध्ययन–अध्यापनका कामबाट लाभ प्राप्त ।
**वृष** : मतभेद र आन्तरिक समस्यामा वृद्धि होला ।
**मिथुन** : मान्यजनको विश्वासपत्र नलिने समय छ ।
**कर्कट** : घमण्डले केही समस्याहरु पैदा हुने योग छ ।
**सिंह** : विश्वास र भरोसाको वातावरण बन्ने समय छ ।
**कन्या** : बानी र व्यवहारमा परिवर्तन गर्दा राम्रो हुन्छ ।
**तुला** : बन्धुबान्धवबाट सहयोग प्राप्त हुने योग ।
**वृश्चिक** : बोली व्यवहारले धेरैलाई आकर्षण गर्ने छ ।
**धनु** : साँस्कृतिक क्रियाकलापमा सरिक भइने समय छ ।
**मकर** : राम–रमाइलोमा मन जाने समय योग छ ।
**कुम्भ** : मनमा चिन्ता र छटपटी बढ्ने समय छ ।
**मीन** : धार्मिक एवम् सामाजिक काममा सरिक भइने छ ।

# कृषि एक्स्पो अर्थात् कृषि उद्यमको वृहद प्रदर्शनी

**नेपालको कृषिक्षेत्रलाई रूपान्तरण गर्न केही महत्वपूण रणनीति अवलम्बन गर्नुपर्छ । नेपालको कृषिक्षेत्रको दीर्घकालीन उत्पादकत्व वृद्धि गर्न दिगो र जलवायु-उत्थानशील कृषि अभ्यास अपनाउन दिगो कृषि अभ्यास प्रवर्द्धन एवं प्रोत्साहन गर्नु आवश्यक छ । यसमा बाली विविधीकरण, संरक्षण कृषि, अर्गानिक खेती र कृषि वनको प्रवर्द्धन समावेश छ ।**






**पदम भण्डारी**

कृषि पेसा विश्व अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको छ, जसले खाद्यान्न, रोजगारी र विभिन्न उद्योगका लागि कच्चा पदार्थ उपलब्ध गराउँछ । हालैका वर्षहरूमा विश्वव्यापी कृषिक्षेत्रले धेरै चुनौती एवं परिवर्तनको सामना गर्नुपरेको छ । जलवायु परिवर्तनले विशेष गरी जोखिममा रहेका क्षेत्रमा बाली उत्पादन र खाद्य सुरक्षालाई असर परेको छ । मौसमी घटना जस्तै खडेरी, बाढी र गर्मी एवं शीतलहरहरू बारम्बार भएका छन्, जसले कृषि उत्पादनमा बाधा पुर्‍याएको छ र साना किसानको जोखिम बढाएको छ ।

उन्नत कृषि प्रविधिहरू जस्तै प्राविधिक उपकरण र तथ्यांकको प्रयोग गरेर कृषि प्रक्रियालाई अनुकूल बनाउने कृषि खेती प्रणाली, आनुवंशिक रूपमा परिमार्जित प्रविधि र डिजिटल कृषि, दक्षता र दिगोपन सुधार गरेर यी चुनौतीमध्ये केहीलाई सम्बोधन गर्ने क्षमताको विकास भएको छ । खेती सम्बन्धी व्यवस्थापनलाई अनुकूलन गर्न तथ्यांक र प्रविधिको प्रयोग गरेर खेती गर्ने प्रचलन बढेको छ । यो विधिले कृषि सामग्रीको उपयोगलाई व्यवस्थित गर्छ र उत्पादकत्व बढाउँछ ।

अर्को महत्वपूर्ण प्रवृत्ति भनेको थप दिगो र पुनरुत्थानशील कृषि अभ्यासहरू अपनाउनु हो । दिगो कृषिले भावी पुस्ताको आवश्यकता पूरा गर्ने क्षमतामा सम्झौता नगरी वर्तमान खाद्यान्न आवश्यकता पूरा गर्नमा केन्द्रित हुन्छ । यसमा बाली-चक्र, शून्य जोताइ र जैविक मलको प्रयोगजस्ता अभ्यास समावेश छन् । उपभोक्ता तथा नीति निर्माता औद्योगिक खेतीको वातावरणीय र सामाजिक प्रभावबारे बढी सचेत भएकाले यी अभ्यास लोकप्रिय हुँदै गएका छन् ।

नेपालको कृषिक्षेत्रको विशेषता भनेको निर्वाहमुखी खेती पद्धति हो, जहाँ साना किसानको प्रभुत्व बढी छ । नेपालको कृषिको औसत जमिनको आकार सानो छ र अधिकांश किसान परम्परागत खेती विधिमा निर्भर छन्, जसले उत्पादकत्वलाई सीमित गरेको छ । नेपालको कृषिको एउटा महत्वपूर्ण चुनौती भनेको सिँचाइका लागि मनसुनी वर्षामा निर्भर हुनु हो । खेतीयोग्य जमिनको एकतिहाइ भूमिमा पनि सिँचाइ सुविधा छैन । जलवायु परिवर्तनका कारण बढ्दै गएको अनियमित मौसम ढाँचाले खेतीलाई अप्रत्याशित बनाइदिएको छ, जसले बाली असफल हुने र उत्पादनमा कमी आएको छ । वन फँडानी, भूक्षय र जथाभावी रासायनिक मलको प्रयोगले जमिनको उर्वरापनमा थप ह्रास ल्याएको छ । नेपालको कृषिको अर्को चुनौती भनेको ग्रामीण श्रमशक्ति, विशेष गरी युवा, सहरी क्षेत्र वा रोजगारीका अवसरको खोजीमा विदेशमा पलायन हुनु हो । यो बसाइँसराइले ग्रामीण क्षेत्रमा कामदारको अभाव भएको छ र कृषि उत्पादकत्वमा थप बाधा पुगेको छ ।

यी चुनौतीका बाबजुद पनि नेपालको अर्थतन्त्र र खाद्य सुरक्षाका लागि कृषि महत्वपूर्ण क्षेत्र हो । हालका वर्षहरूमा फलफूल, तरकारी र मसलाजस्ता उच्च मूल्यका बालीहरूमा किसानको चासो बढेको छ, जसले परम्परागत खाद्यान्न बालीभन्दा राम्रो प्रतिफल प्रदान गरेको छ । चिया, कफी, अलैंची, अदुवाजस्ता नगदे बालीको उत्पादन पनि विस्तार भएको छ, जसले किसानलाई वैकल्पिक आम्दानीको स्रोत उपलब्ध गराएको छ ।

नेपालको कृषि विकासमा सहयोग गर्न दातृ निकाय र अन्तर्राष्ट्रिय संघसंस्थाले महत्वपूर्ण भूमिका खेलेका छन् । यी संस्थाले खाद्य सुरक्षामा सुधार, कृषि उत्पादकत्व वृद्धि र जलवायु परिवर्तनसँग सम्बन्धित विभिन्न परियोजना सञ्चालनमा सहयोग गरेका छन् । कृषिक्षेत्रलाई प्रवर्द्धन गर्ने, साना किसानका लागि बजार पहुँच सुधार गर्ने र प्राकृतिक स्रोतको दिगो व्यवस्थापन गर्न स्थानीय समुदायको क्षमता अभिवृद्धि गर्ने जस्ता विशेष मुद्दालाई लक्षित गर्ने परियोजनाहरू कार्यान्वयनमा सहयोग गरेर यस क्षेत्रमा योगदान पुर्‍याइरहेका छन् ।

नेपालको कृषिक्षेत्रमा यी सबै प्रयास हुँदाहुँदै पनि कृषिको व्यापारमा उल्लेख्य असन्तुलन रहेको छ, जसमा निर्यातभन्दा आयात धेरै छ । देशले आफ्नो खाद्यान्न र कृषि उत्पादनको आवश्यकता पूरा गर्न विशेष गरी चामल, गहुँ, तरकारी, फलफूल र तेलहनका लागि आयातमा धेरै निर्भर हुनुपरेको छ । कृषि उपजको आयातमा चामल, गहुँ, चिनी, दाल र खाना पकाउने तेल समावेश छ, जबकि देशले फलफूल, तरकारी र पशुजन्य उत्पादन पनि उल्लेखनीय मात्रामा आयात गर्छ । कृषि उपजको आयात प्रत्येक वर्ष वृद्धिको क्रममा छ ।

नेपालमा तीनै तहका सरकारले कृषिको आधुनिकीकरण र व्यवसायीकरणलाई प्राथमिकता दिँदै कृषकलाई आवश्यक सहयोग पुर्‍याउने उद्देश्यले विभिन्न अनुदान कार्यक्रम सञ्चालन गर्दै आएको छ । कृषि अनुदानका कार्यक्रमहरू सञ्चालन भए पनि अनियमितता, प्रशासनिक क्षमता, प्रविधि र पूर्वाधारको अभाव, निरन्तरता र दीर्घकालीन योजना अभाव, कृषकहरूको साक्षरता र जानकारीको कमी, तथा बजार पहुँच र मूल्य स्थिरताजस्ता समस्याले कृषिमा अपेक्षित विकास हुन सकेको छैन ।

यी समस्या समाधान गर्न सरकार र सम्बन्धित निकायहरूले समन्वय र सुधारका उपाय अपनाउनु आवश्यक छ । त्यसका लागि तीनै तहका सरकारले निजी क्षेत्रसँग सहकार्य गर्नु जरुरी छ । कृषिको आधुनिकीकरण र व्यवसायीकरणमा निजी क्षेत्रको संलग्नता महत्वपूर्ण छ । निजी क्षेत्रसँगको सहकार्यले नवीनतम प्रविधि र नवप्रवर्तनलाई कृषिमा भित्र्याउन, आवश्यक वित्तीय स्रोत र लगानी उपलब्ध गराउन, कृषकलाई बीउ पुँजी, उपकरण र प्रविधि उपलब्ध गराउन, बजार पहुँच र व्यापारीकरणमा सहयोग पुर्‍याउन, उत्पादनको उचित मूल्य प्राप्त गर्न र बजारमा प्रतिस्पर्धा गर्न सक्षम बनाउन, कृषि उत्पादनको प्रशोधन, प्याकेजिङ र ब्रान्डिङमा निजी क्षेत्रको संलग्नताले उत्पादनको मूल्य वृद्धि गर्न मद्दत पुर्‍याउँछ ।

लक्षित अनुदान कार्यक्रम, प्रशिक्षण र साक्षरता कार्यक्रम, तथा निगरानी र मूल्यांकन प्रणालीलाई सुदृढ बनाएर मात्र कृषिमा दीर्घकालीन विकास र समृद्धि हासिल गर्न सकिन्छ । यसरी कृषकको उत्पादनशीलता र आम्दानीमा वृद्धि गर्दै देशको समग्र आर्थिक विकासमा योगदान पुर्‍याउन सकिन्छ । उच्च मूल्यका कृषि उत्पादन निर्यात गर्ने सम्भावना भए तापनि नेपालको कृषि निर्यात सीमित छ । कम उत्पादन मात्रा, अपर्याप्त प्रशोधन र भण्डारण सुविधा, गुणस्तरीय मापदण्डको अभाव र अन्तर्राष्ट्रिय बजारमा सीमित पहुँचजस्ता कारकले गर्दा नेपालको कृषि निर्यात सीमित भएको हो । कृषिमा हुने व्यापारघाटाले नेपालको अर्थतन्त्र, विशेष गरी खाद्य सुरक्षा र विदेशी मुद्रा सञ्चितिमा महत्वपूर्ण प्रभाव पारेको छ । आयातमा बढी निर्भरताले देशलाई विश्वव्यापी बजारमा मूल्य उतार-चढाव र आपूर्ति श्रृंखला अवरोधका लागि कमजोर बनाएको छ । स्वदेशी उत्पादन बढाएर र उच्च मूल्यका बालीको निर्यातलाई बढावा दिएर यो निर्भरता घटाउनुपर्ने आवश्यकता बढ्दै गएको छ ।

नेपालमा कृषिमा देखिएका चुनौतीलाई सम्बोधन गर्न र यसको सम्भावनालाई हटाउन नीतिगत सुधार, पूर्वाधारमा लगानी, आधुनिक प्रविधिको अवलम्बन र साना किसानलाई सहयोग गर्ने बहुआयामिक दृष्टिकोण आवश्यक छ । नेपालको कृषिक्षेत्रलाई रूपान्तरण गर्न केही महत्वपूण रणनीति अवलम्बन गर्नुपर्छ । नेपालको कृषिक्षेत्रको दीर्घकालीन उत्पादकत्व वृद्धि गर्न दिगो र जलवायु-उत्थानशील कृषि अभ्यास अपनाउन दिगो कृषि अभ्यास प्रवर्द्धन एवं प्रोत्साहन गर्नु आवश्यक छ । यसमा बाली विविधीकरण, संरक्षण कृषि, अर्गानिक खेती र कृषि वनको प्रवर्द्धन समावेश छ । यी अभ्यासमा तालिम र सहयोग प्रदान गर्नुपर्छ र दिगो रूपमा उत्पादित वस्तुका लागि जैविक सामग्री र बजारमा पहुँच सहज बनाउनुपर्छ ।

किसानलाई उत्पादकत्व सुधार गर्न आवश्यक ज्ञान र उपकरणमा पहुँच सुनिश्चित गर्न अन्तर्राष्ट्रिय अनुसन्धान संस्था र निजी क्षेत्रसँग पनि सहकार्य गर्नुपर्छ, जसले अनुसन्धान र विस्तार सेवा सुदृढीकरण गर्न मद्दत गर्छ । कृषि एक्स्पो अर्थात् कृषि प्रदर्शनीहरूको सञ्चालन अर्को महत्वपूर्ण रणनीति हो । आजकाल खेती व्यवसायलाई कसरी अझ प्रभावकारी र लाभदायक बनाउने भनेर जान्ने धेरै तरिका छन् । तीमध्ये सबैभन्दा भरपर्दो र प्रत्यक्ष रूपमा सहभागी हुन पाउने, आँखाले हेर्न र अनभूत गर्न पाउने भनेको भौतिक रूपमा सञ्चालन गरिने कृषि एक्स्पो नै हो । कृषि एक्स्पो अर्थात् कृषि प्रदर्शनी एउटै छानामुनि उत्पादन, सेवा र प्रविधि प्रदर्शन गर्ने सबैभन्दा उत्तम प्लेटफर्म हो । यसले व्यापारका साथै लगानीका अवसर पहिचान र अन्वेषण गर्न सञ्जाल निर्माण गर्ने अवसर प्रदान गर्छ ।

यसले बजारकर्ता एवं सरोकारवालालाई अर्थपूर्ण सम्बन्ध स्थापित गर्न, बजारमा अन्तर्दृष्टि प्राप्त गर्न र उनीहरूका आविष्कार प्रदर्शन गर्न सक्षम बनाउँछ र अन्ततः बजार साझेदारी र दीर्घकालीन सफलता प्राप्त हुन्छ । आजको द्रुत गति र प्रविधि-सञ्चालित संसारमा व्यवसायहरू आफ्ना उत्पादन र सेवा प्रदर्शन गर्न डिजिटल मार्केटिङ र अनलाइन प्लेटफर्ममा भर पर्न थालेका छन् । डिजिटल एवं भर्चुअल पद्धतिको वृद्धिसँगै कृषि, उद्योग तथा व्यापारमा कृषि एक्स्पो र प्रदर्शनीको सान्दर्भिकतामा पनि उत्तिकै महत्वपूर्ण छ । यी भौतिक जमघटले व्यवसायीलाई सम्भावित ग्राहकसँग जोड्न, आमने-सामने अन्तरक्रिया गर्न, पृष्ठपोषण गर्न र प्रतिस्पर्धात्मकता हासिल गर्न एक अद्वितीय अवसर प्रदान गर्छ । त्यसैले कृषिमा संग्लग्न सबै सरोकारवालाले कृषि प्रदर्शनीमा भाग लिनु जरुरी छ ।

कृषि प्रदर्शनीले कृषि उद्योग सञ्चालन गर्ने व्यवसायका लागि ठूलो सान्दर्भिकता र महत्व राख्छ । कृषि प्रदर्शनीमा सहभागी हुनाले कम्पनीलाई सञ्जाल निर्माण गर्न, बजारमा अन्तर्दृष्टि प्राप्त गर्न र उनीहरूका आविष्कार प्रदर्शन गर्न सक्षम बनाउँछ । यसले अन्ततः बजार साझेदारी र दीर्घकालीन सफलता प्राप्त हुन्छ । तसर्थ, कृषिक्षेत्रमा फस्टाउन खोज्ने कुनै पनि व्यवसायीले कृषि एक्स्पो अर्थात् प्रदर्शनीहरूमा भाग लिने अवसरको सदुपयोग गर्नुपर्छ र उनीहरूले प्रस्ताव गर्ने फाइदा लिनुपर्छ । यस्ता प्रदर्शनीमा उपस्थित हुने, प्रतिनिधित्व गर्ने, सक्रिय रूपमा भाग लिने र आफ्ना आविष्कार प्रदर्शन गर्ने, उद्योग व्यवसायीसँग नेटवर्किङ गर्ने, ग्राहकसँग संलग्न हुने र विशेषज्ञबाट सिक्ने, प्रतिस्पर्धात्मक क्षमताको विकास गर्ने, आफ्नो बजारको पहुँच विस्तार गर्ने तथा नेपालको कृषिक्षेत्रको समग्र वृद्धि र विकासका लागि योगदान गर्ने हुनुपर्छ ।

*(स्रोतः कारोबारदैनिक)*

# जागरण बचत तथा ऋण सहकारीको २६ औँ साधारणसभा सम्पन्न

समाज संवाददाता

हेटौंडाः जागरण बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २६ औँ साधारणसभा सम्पन्न भएको छ। बिहीबार मकवानपुरगढीको मक्रान्चुलीमा नयाँ कार्यसमिति चयन गर्दै साधारणसभा सम्पन्न भएको हो ।

सहकारीको शाखा कार्यालय हेटौंडा-१७, हटियामा भदौ २९ गते साधारणसभा गरिएको थियो। कार्यक्रममा संस्था अध्यक्ष कल्पना श्रेष्ठले प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। श्रेष्ठले आर्थिक वर्ष २०६०/०६१ देखि २०८०/०८१ सम्मको आफ्नो कार्यकालको समयमा गरेको कामको उपलब्धीहरु प्रस्तुत गर्नुभएको थियो ।

आर्थिक वर्ष २०८०/०८१ सम्म सहकारीमा ३ हजार २ सय ६७ जना सेयर सदस्य रहेका छन् । कुल बचत रकम १५ करोड ७१ लाख ७ सय ५१ रुपैयाँ रहेको छ। सहकारीको सेयर एक करोड ९४ लाख ५१ हजार ९ सय रुपैयाँ बराबरको रहेको छ। यस्तै, ऋण लगानी १२ करोड २३ लाख १ हजार ६ सय ६६ रुपैयाँ छ। नाफा ३३ लाख ६१ हजार ४ सय १८ रुपैयाँ, सहकारीको कुल सम्पत्ति २० करोड ४४ लाख ५२ हजार ७ सय ६४ रुपैयाँ, संस्थागत पुँजीतर्फ एक करोड १४ लाख ४५ हजार ७ सय ४४ रुपैयाँ रहेको छ। एकजना सेयर सदस्य बराबर अधिकतम ऋण लगानी २० लाख गरिएको छ।

सहकारीले उत्कृष्ट बचतकर्ता, उत्कृष्ट ऋणी, उत्कृष्ट नियमित बचतकर्ताहरु, जेष्ठ सदस्यहरु, कर्मचारीहरुलाई सम्मान गरेको छ। कार्यक्रममा सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्रेष्ठले प्रतिवेदन पेश गर्नुभएको थियो भने आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रगति प्रतिवेदन सहकारीकी सचिव सरिता विश्वकर्माले प्रस्तुत गर्नुभएको थियो। यस्तै, आर्थिक वर्ष २०८०/०८१ को आर्थिक प्रतिवेदन तथा आर्थिक वर्ष २०८१/०८२ को प्रस्तावित बजेट सहकारीकी कोषाध्यक्ष अप्सराकुमारी ढकालले प्रस्तुत गर्नुभएको थियो।

साधारणसभाको अवसरमा नयाँ कार्यसमिति चयन भएको छ। सहकारीको अध्यक्षमा शत्रुघन दुलाल सर्वसम्मत चयन हुनुभएको छ। सचिवमा सरिता विश्वकर्मा, कोषाध्यक्षमा सुभद्रा तिमल्सिना लामिछाने चयन हुनुभएको छ। यस्तै, सदस्यहरूमा सावित्रीदेवी तिमल्सिना, शर्मिला पाखिन, रेणुका गिरी, रामहरि खतिवडा, सोबिता पौडेल दाहाल चयन हुनुभएको छ भने लेखा समितितर्फ संयोजकमा कल्पना सापकोटा तथा सदस्यमा सन्तोषी श्रेष्ठ र विदुर हुमागाईं सर्वसम्मत चयन हुनुभएको छ।

कार्यक्रममा बागमती प्रदेशको कृषि तथा पशुपन्क्षी विकासमन्त्री प्रकाश श्रेष्ठको प्रमुख आतिथ्य तथा अध्यक्ष श्रेष्ठको सभाध्यक्षता थियो। कार्यक्रममा मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङ्तान, उपाध्यक्ष मानकुमारी पाखिन, जिल्ला बचत तथा ऋण सहकारी संघका वीरेन्द्रप्रसाद ढुङ्गाना, राष्ट्रिय सहकारी बैंक लिमिटेडका शाखा प्रमुख रामेश्वर अर्यालको विशिष्ट अतिथ्य रहेको थियो। विभिन्न विद्यालय, संघसंस्था, वडा अध्यक्ष, वडा सदस्य, टोल विकास अध्यक्षलगायतको उपस्थिति रहेको थियो।

# सिस्नुपानी मकवानपुरमा पौडेल

समाज संवाददाता

हेटौंडाः हास्यव्यङ्ग्य साहित्यमा क्रियाशील सिस्नुपानी मकवानपुरको अध्यक्षमा संप्रस पौडेल चयन हुनुभएको छ। बिहिबार हेटौंडामा सम्पन्न पाँचौं अधिवेशनले पौडेलको अध्यक्षतामा नयाँ समिति गठन गरेको हो। यसअघि सहसचिव रहनुभएका पौडेल सर्वसम्मत अध्यक्ष चयन हुनुभएको हो।

अधिवेशनबाट उपाध्यक्षमा गोविन्द पौडेल, सचिवमा सुमार्गी हुमागाई, सहसचिवमा अमृत लामिछाने, कोषाध्यक्षमा शुभद्रा हुमागाई र सदस्यमा चिरञ्जीवी लामिछाने, वैकुण्ठ लामिछाने, अजर फुयाल, सुवास सजल र स्वस्तिका दाहाल चयन हुनुभएको छ। निवर्तमान अध्यक्ष राजकुमार लामिछानेको अध्यक्षता तथा सिस्नुपानी नेपालका अध्यक्ष लक्ष्मण गाम्नागेको प्रमुख आतिथ्यमा सिस्नुपानी मकवानपुरको अधिवेशन भएको हो। नवनिर्वाचित समितिको कार्यकाल ३ वर्षको हुनेछ। सिस्नुपानी मकवानपुरको अधिवेशनसँगै बिहिबार सिस्नुपानी नेपालका अध्यक्ष लक्ष्मण गाम्नागेको एकल कविता वाचन कार्यक्रम समेत भएको थियो। कार्यक्रममा गाम्नागेले १३ वटा कविता वाचन गर्नुभएको थियो। कार्यक्रममा सिस्नुपानी नेपालका सचिव सरोज घिमिरेले गाम्नागेको एकल कविता वाचन सत्रको सहजीकरण गर्नुभएको थियो। कार्यक्रममा सिस्नुपानी नेपालका सदस्य चक्र दवाडीले लक्ष्मण गाम्नागे दुईवटा कविता वाचन गर्नुभएको थियो।

# हेटौंडामा अन्तर्राष्ट्रिय इर्के र पिक ब्राण्डको शोरुम

समाज संवाददाता

हेटौंडाः हेटौंडामा अन्तर्राष्ट्रिय इर्के र पिक ब्राण्डको शोरुम सञ्चालनमा आएको छ। हेटौंडा-१०, राप्तीरोडमा डी नेक्स्ट ड्रेसअपले इर्के र पिक ब्राण्डको स्पोर्टस् वेयर, जुत्ता, व्यागको शोरुम सञ्चालन गरेको हो। मंगलबार बिहान इर्के र पिक ब्राण्डको नेपालका लागि आधिकारिक बिक्रेता जी के इम्पेक्सका रोशन अग्रवाल र डी नेक्स्ट ड्रेसअपका सञ्चालक राजक शाहीले संयुक्तरुपमा शोरुमको उद्घाटन गर्नुभयो।

हेटौंडाका सर्वसाधारणमा गुणस्तरीय वस्तुप्रति बढ्दो आकर्षणलाई लक्षित गरी अन्तर्राष्ट्रिय ब्राण्डको शोरुम सञ्चालन गरेको शाहीको भनाइ छ। इर्के र पिक ब्राण्डका स्पोर्टस् वेयरहरु मध्यम मूल्यका भएकोले हेटौंडाका उपभोक्ताले खरिद गर्न सक्ने शाहीले जानकारी दिनुभयो। इर्के र पिक ब्राण्डको नेपालका लागि एउटै आधिकारिक बिक्रेता भएकोले शोरुम पनि एउटै राखिएको बताइएको छ।

शोरुम उद्घाटनको अवसर पारेर एक साताका लागि २० प्रतिशत छुटको समेत व्यवस्था गरिएको छ। यसअघि १४ वर्षदेखि डी नेक्स्ट ड्रेसअप साधारण फेन्सी पसलको रुपमा रहेको थियो।

# मोबाइल किन्दा, बनाउँदा १२ लाख बढीको पुरस्कार

समाज संवाददाता

हेटौंडाः मोबाइल एसोशिएसन अफ नेपाल (म्यान) मकवानपुरले यस वर्षको दशैं, तिहार तथा छठ पर्वमा मोबाइल खरिद गर्ने ग्राहकका लागि १२ लाख रुपैयाँभन्दा बढी रकम बराबरको पुरस्कार प्रदान गर्ने भएको छ। मंगलबार कार्यालयमा पत्रकार सम्मेलनको आयोजना गर्दै म्यान मकवानपुरले उक्त कार्यक्रमबारे जानकारी गराएको हो।

म्यान मकवानपुरका वरिष्ठ उपाध्यक्ष एवम् कार्यक्रम संयोजक हरी प्रसाद न्यौपानेले यस वर्षको मुख्य चाडमा १२ लाख २३ हजार ५ सय रुपैयाँ बराबरको पुरस्कार प्रदान गर्ने बताउनुभयो। उहाँका अनुसार म्यान मकवानपुरले बम्पर उपहार अन्तर्गत एक जनालाई स्कुटर, एक जनालाई ४ दिने थाइल्याण्ड भ्रमण, इफिनिक्स जिरो वान एक जनालाई, नेकब्याण्ड २ सय ५ जनालाई, स्मार्ट वाच ५० जनालाई, हेडफोन ४० जनालाई, छाता ३० जनालाई, एमआई इयरफोन ५० जनालाई, स्टाइलाजर ५ जनालाई, वानप्लस व्याण्ड १५ जनालाई इयरवडस १ सय ५ जनालाई, किप्याड फोन २० जनालाई र ११ जनालाई स्मार्टफोन प्रदान गरिने भएको छ।

जुनसुकै कम्पनिका मोबाइल खरिद तथा मर्मत गर्दा एउटा कुपन प्रदान गरिने र यो जिल्लामा मात्र लागु हुने उहाँले बताउनुभयो। असोज १ गते मंगलबारदेखि मंसिर ५ गतेम्म यो योजना लागु हुने उहाँले बताउनुभयो। त्यसको नतिजा मंसिर १५ गते खुला गरिने भएको छ। म्यान मकवानपुरले हरेक वर्ष चाडपर्वको अवसरमा विभिन्न उपहारहरु कार्यक्रम सञ्चालन गर्दै आएको छ।

म्यान मकवानपुरका अध्यक्ष नवराज चौलागाईको सभाध्यक्षतामा भएको कार्यक्रममा संस्थाका संस्थापक अध्यक्ष छतेन्द्र आचार्य, उपाध्यक्ष हरिप्रसाद न्यौपाने (सागर), र महासचिव राजकुमार दाहाल लगायतका उपस्थिति रहेको थियो।

# नमुना प्रगतिको सम्पत्ति ४२ करोड बढी

समाज संवाददाता

हेटौंडाः हेटौंडा-२ स्थित नमुना प्रगति बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २४ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। बिहीबार संस्थाका अध्यक्ष मिठाराम दाहालको सभाध्यक्ष तथा बागमती प्रदेशका प्रथम मुख्यमन्त्री एवम् संस्थाका सल्लाहकार डोरमणि पौडेलको प्रमुख आतिथ्यमा साधारणसभा भएको हो।

साधारणसभामा सञ्चालक समितिको तर्फबाट अध्यक्ष दाहालले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको छ। चालु आर्थिक वर्षसम्म संस्थाको कुल सम्पत्ति ४२ करोड ४ लाख ५६ हजार ८ सय ९४ रुपैयाँ रहेको उहाँले बताउनुभयो। यस्तै, गत आर्थिक वर्षको असार मसान्तसम्म संस्थामा २ हजार ५ सय ९२ जना सेयर सदस्यको २ करोड ८५ लाख ६३ हजार रुपैयाँ छ। जसमा २९ करोड ९० लाख रुपैयाँ ऋण लगानी रहेको छ।

संस्थाले साधारणसभाको अवसरमा समृद्ध समाज राष्ट्रिय दैनिकका सम्पादक सुरेश श्रेष्ठलाई सम्मान गरेको छ। यस्तै, संस्थाले जेष्ठ सदस्य सम्मानबाट हरिप्रसाद सिग्देल र गोमादेवी भण्डारीलाई सम्मान गरेको छ। उत्कृष्ट मासिक बचतकर्ताहरु मीनबहादुर प्रधान र प्रतिभा लम्साल, उत्कृष्ट ऋणी चिन्तालक्ष्मी अधिकारी, शर्मिला थापा, विष्णुप्रसाद पराजुली र वीरबहादुर न्यासुरलाई सम्मान गरिएको छ। यस्तै, उत्कृष्ट व्यवसायी सदस्य सम्मानबाट सीताराम तिमल्सिना, उत्कृष्ट बाल बचतकर्ताहरु अनुष्मा रिमाल र सिर्जना खतिवडालाई सम्मान गरिएको छ।

एसईई परीक्षामा उत्कृष्ट नतिजा ल्याउने सामुदायिक विद्यालयका प्रशन्न चौलागाईं, निजी विद्यालयका स्पन्दन दाहाल, प्रतिष्ठा कार्की, कक्षा १२ को परीक्षामा उत्कृष्ट नतिजा ल्याउने निश्चित घिमिरे र पूर्णिमा सञ्जेल, स्नातक तहमा उत्कृष्ट नतिजा ल्याउने आदर्श लामिछाने, विपना चौलागाई, प्रमिशा पौडेल र सुस्मित तिमल्सिना तथा स्नातकोत्तर तहकी आष्मा शर्मा पौडललाई सम्मान गरिएको छ।

कार्यक्रममा संस्थाका उपाध्यक्ष एवम् बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठ, बागमती प्रदेश सहकारी विकास बोर्डका उपाध्यक्ष नारायणप्रसाद देवकोटा, राष्ट्रिय सहकारी महासंघका सञ्चालक बद्रीप्रसाद लम्साल, केन्द्रीय दुग्ध उत्पादक सहकारी संघका सदस्य विदुर हुमागाई र जिल्ला बचत तथा ऋण सहकारी संघकी उपाध्यक्ष मीनाकुमारी चौरेलगायतको आतिथ्य रहेको थियो।

## एक करोड...

काटेर प्रति बोरा ५० किलोको दरले २६४ बोरा आलु राखेर ट्रकको भित्री भागमा ७४ बोरा विभिन्न किसिममा तयारी कुर्ता, रोल सहितको सर्ट एवम् पाईन्टको कपडाहरु ल्याएको प्रहरी उपरीक्षक रिजालले जानकारी दिनुभयो। उक्त सामग्रीसहित ट्रकका चालक भारतको बिहार मोतिहारी, थाना तुकालिया, पुर्वी चम्पारण सपही बस्ने ३० वर्षीय जन्दार आलम र सहचालक बन्जरिया पुर्वी चम्पारण चौलाहा कलोनी बस्ने १९ वर्षीय मुना मियालाई पक्राउ गरिएको छ। बरामद लत्ता कपडा, आलु, ट्रक थप अनुसन्धान तथा कारवाहीका लागि बारा जिल्लाको पथलैयास्थित राजश्व अनुसन्धान कार्यालय पठाइने प्रहरीले जनाएको छ।

हाम्रो सुमो सेवाको नयाँ प्रस्तुती...

असोज ७ गते सोमबारबाट सेवा शुभारम्भ



Electric Van
विद्युतीय भ्यानमा यात्रु सेवा





२०६८ सालदेखि हेटौंडामा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो सुमो सेवा सञ्चालन गर्दै आएको यस कम्पनिले अब विद्युतीय सवारीसाधन (Elecric Van (EV) मा गुणस्तरी सेवा शुभारम्भ गर्न लागेको सगौरव जानकारी गराउँदछौं।

हेटौंडा-काठमाडौं-हेटौंडा | हेटौंडा-बीरगन्ज-हेटौंडा

साथै यस कम्पनिद्वारा सञ्चालित EV, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोला।

१५ पटकको यात्रापछि एउटा टिकट निशुल्क।

अग्रीम बुकिङ गरी दुईतर्फी टिकट लिएर ५ दिनभित्र यात्रा गरेमा दुईतर्फी टिकटको मूल्य ११००/- मात्र।
हेटौंडा र काठमाडौं दुबैतर्फबाट गाडी छुट्ने समयः बिहान ६, ८, १०, मध्यान्ह १२, दिनको २ र ४ बजे।

भेष खड्गी, सञ्चालक

हाम्रो ईभी सेवा

हेटौंडा-२, पुरानो मकवानपुररोड (पिपलबोटचोकबाट संगमचोक जाने बाटोमा)
९८४५४-५७५०७, ९८५५०६८८७३

सम्पर्क
हेटौंडा ०५७-५२१४२१
९८५५०७८३७८ (हटलाइन)

ललितपुर ०१-५४०४४४४
९८५५०-७८४७८ (हटलाइन)
सानेपा (बल्खु पुल पारी पुरानो स्टार हस्पिटलसँगै)

मुख्य कार्यालय हेटौंडा
०५७-५९१०४०

हार्दिक श्रद्धाञ्जली



जन्मः
२०३५/०५/०३

स्व. उत्तम कुमार गौतम

स्वर्गारोहणः
२०८१/०५/२३

बकैया-४, जुरेली निवासी हाम्रा आदरणीय दाजु **उत्तम कुमार गौतम**को अल्पायुमै निधनको खबरले हामी मर्माहत भएका छौं। **आज १३ औं दिनको पूण्यतिथि**मा स्वर्गीय दाजुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

भाइहरू
अमोद बस्नेत
बरूण कार्की
सुशील घिमिरे
प्रकाश बस्नेत

बकैया गाउँपालिका-४, जुरेली

## जिल्लास्तरीय भेट्रान्स भलिबल प्रतियोगिता सुरू

# मकवानपुरगढीको विजयी सुरुवात

समाज संवाददाता

हेटौंडाः बिहीबारबाट सुरु भएको पहिलो संस्करणको मकवानपुर जिल्लास्तरीय भेट्रान्स भलिबल प्रतियोगितामा मकवानपुरको मकवानपुरगढी भेट्रान्सले विजयी सुरुवात गरेको छ। हेटौंडा-४, हुप्रचौरस्थित भलिबल कोर्टमा भएको पहिलो खेलमा हेटौंडा-१६ स्थित हटिया स्पोर्टस् भेट्रान्सलाई २-० को सोझो सेटले हराउँदै मकवानपुरगढी भेट्रान्सले विजयी सुरुवात गरेको हो ।

हटिया स्पोर्टस् भेट्रान्सलाई दुबै सेटमा २५-१६ ले सहजै पराजित गरेको मकवानपुरगढीले थाहा नगरपालिका भेट्रान्सलाई पनि समूह चरणको दोस्रो खेलमा २-० को सोझो सेटले पराजित गरेको छ। थाहा नगरपालिका भेट्रान्सलाई २६-२४ र २५-१५ ले हराएको हो ।

दोस्रो खेलमा कैलाश भेट्रान्सलाई २-० को सोझो सेटले पराजित गर्दै छहारी भेट्रान्सले विजयी सुरुवात गरेको छ । कैलाशलाई २५-१२ र २५-१९ ले छहारीले सहजै पराजित गरेको हो। समूह चरणको पहिलो खेलमा छहारीसँग २-० को सोझो सेटले पराजित भएको कैलाश समूह चरणको दोस्रो खेलमा पनि हेटौंडा-१० स्थित नारायणी कलेजसँग २-० को सोझै सेटले पराजित हुनुपरेको थियो । नारायणी कलेज भेट्रान्स टिमले कैलाश भेट्रान्सलाई २५-१३ र २५-१५ को सेटले सहजै पराजित गरेको हो ।

पञ्चशील भेट्रान्सलाई २-० को सोझो सेटले हराउँदै भीमफेदी भेट्रान्सले विजयी सुरुवात गरेको छ । पञ्चशीललाई २५-१० र २५-१६ ले हराउँदै भीमफेदीले विजयी सुरुवात गरेको हो । समूह चरणकै दोस्रो खेलमा राक्सिराङ गाउँपालिकाको भेट्रान्सँग २-० को सोझो सेटले पञ्चशील भेट्रान्स पराजित हुनुपरेको थियो। राक्सिराङसँग पञ्चशील १५-२५ र १६-२५ ले पराजित भएको हो।

केवशलाल श्रेष्ठ स्मृति केन्द्रीय प्रतिष्ठानको आयोजना, छहारी सेवा समाजको सहआयोजना तथा नारायणी कलेजको मुख्य प्रायोजनमा सुरु भएको प्रतियोगिता शनिबारसम्म सञ्चालन हुनेछ । लिगकम नकआउट प्रणालीमा सुरु भएको प्रतियोगितामा मकवानपुर जिल्लाबाट ११ टिमको सहभागिता रहेको छ । प्रतियोगिताको प्लेयर अफ डे थाहा नगरपालिकाका सानुभाइ कार्की घोषित हुँदै ट्रफी प्राप्त गरेका छन् ।

केशवलाल श्रेष्ठ स्मृति प्रतिष्ठानका प्रथम उपाध्यक्ष विकल्प चौलागाईंको सभाध्यक्ष तथा मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष राजकुमार मोक्तानको प्रमुख आतिथ्यमा प्रतियोगिताको उद्घाटन कार्यक्रम भएको हो । प्रतियोगिताको उपाधि विजेता टिमले ३० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले १५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

## वडास्तरीय टी-२० क्रिकेट

# सेमिफाइनल समीकरण पूरा

समाज संवाददाता

हेटौंडाः हेटौंडा-८, कमानेमा जारी प्रथम संस्करणको वडास्तरीय टी-२० क्रिकेट प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ । बिहीबार क्वार्टरफाइनल चरणको ३ खेल सम्पन्न भएसँगै प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको हो ।

हेटौंडा-८ स्थित चन्द्रोदय माध्यमिक विद्यालयको चौरमा भएको क्वार्टरफाइनल खेलमा वडा-२, वडा-९ ए र आयोजक विजयी हुँदै सेमिफाइनलमा प्रवेश गरेका छन्। वडा-२ ले वडा-१० लाई ५ विकेटले, वडा-९ ए ले वडा-१९ लाई २ विकेटले र आयोजकले वडा-११ लाई १ सय ८ रनले पराजित गरेको हो ।

टस हारेर पहिला ब्याटिङ गरेको वडा-१० ले १९ ओभरमा सबै विकेटको क्षतिमा ९४ रन बनाएको थियो । नितेश बज्राचार्यले सर्वाधिक ३९ रन बनाउन सफल भएका थिए। बलिङतर्फ वडा-२ बाट प्रसिद्ध तिमल्सिनाले सर्वाधिक ५ विकेट र कुन्दन कंशाकारले २ विकेट लिएका थिए ।

वडा-१० ले दिएको ९४ रनको लक्ष्य पच्छ्याएको वडा-२ ले १४ ओभर २ बलमा ६ विकेटको क्षतिमा लक्ष्य भेट्टायो । सुरज कंशाकारले सर्वाधिक ५१ रनको योगदान दिएका थिए। अंकुश शाहले १६ रन जोडेका थिए। कुन्दन कंशाकारले १४ रन बनाएका थिए । बलिङतर्फ नितेश बज्राचार्य र उत्सव श्रेष्ठले समान २/२ विकेट लिएका थिए । खेलको म्यान अफ द म्याच सुरज कंशाकार घोषित भएका छन् ।

बिहीबारै भएको दोस्रो खेलमा टस जितेर पहिले ब्याटिङ गरेको वडा-१९ ले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर वडा-९ लाई २ सय ७ रनको लक्ष्य दिएको थियो । वडा-९ बाट पृथ्वी परियारले सर्वाधिक ७२ रन जोडेका थिए । सुमन सुनारले ६८ रनको योगदान दिएका थिए । राजेन्द्र तितुङले ३० रन र विशेष विक्रम थापाले १४ रन बनाएका थिए । दीपक सुनारले ११ रन जोडेका थिए । बलिङतर्फ वडा-९ बाट विकेश तिवारीले सर्वाधिक ३ विकेट लिएका थिए । रवीन गुरुङले २ विकेट लिए ।

जवाफी ब्याटिङमा उत्रिएको वडा-९ 'ए'ले निर्धारित २० ओभरमा ८ विकेटको क्षतिमा वडा-१९ ले दिएको २ सय ७ रनको लक्ष्यलाई भेट्टाएको थियो । वडा-९ का युवीन बुढाथोकीले सर्वाधिक १ सय १७ रन बनाउन सफल भएका थिए । कुशल केसीले २४ रन, विकेश तिवारीले २० रन, सुमन श्रेष्ठले १२ रन र रवीन गुरुङले १० रन बनाएका थिए। बलिङतर्फ विशेष विक्रम थापाले सर्वाधिक ३ विकेट लिएका थिए । सुनिल दियाली र सुमन सुनारले २/२ विकेट लिएका थिए। खेलको म्यान अफ द म्याच विजेता टिमको युविन बुढाथोकी घोषित भएका छन् ।

यस्तै, बिहीबार भएको अन्तिम क्वार्टरफाइनल खेलमा टस हारेर ब्याटिङ गरेको आयोजकले निर्धारित २० ओभरमा ४ विकेट गुमाएर वडा-११ लाई २ सय १८ रनको लक्ष्य दिएको थियो । विष्णु राउतले ६२ रन, सागर मगरले ४५ रन र विजय घलानले ४५ रन बनाएका थिए। यस्तै, समीर चौलागाईंले ४० रन र रमेश उपाध्यायले २० रन बनाएका थिए।

२ सय १८ रनको लक्ष्य पच्छ्याएको वडा-११ ले १९ ओभर ३ बलमा सबै विकेट गुमाएर १ सय ८ रनमा अल आउट भयो। भुषण बानियाँले सर्वाधिक ४० रन बनाउन सफल भएका थिए । असिम श्रेष्ठले २३ रन र नवीन शर्माले २२ रन बनाएका थिए । बलिङतर्फ प्रेम क्षेत्री, समीर थापा र विजय घलानले समान ३/३ विकेट लिएका थिए। खेलको म्यान अफ द म्याच विजय घलान घोषित भएका छन् ।

नेकपा एमाले ८ नम्बर वडा कमिटीको सहयोग तथा नेपाल खेलकुद महासंघ वडा कमिटीको आयोजनामा प्रतियोगिता भएको हो । धर्मराज पुडासैनीको संयोजकत्वमा भएको प्रतियोगितामा १९ टिमको सहभागिता रहेको छ । प्रतियोगिताको फाइनल खेल शनिबार हुनेछ । प्रतियोगिताको उपाधि विजेता टिमले ५० हजार र उपविजेता टिमले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

## शनिबार

# हेटौँडा सम्पदा यात्रा हुँदै

समाज संवाददाता

हेटौँडाः हेटौँडामा आउँदो शनिबार हेटौँडा सम्पदा यात्रा २०८१ हुने भएको छ। हेटौँडा एडभेन्चर क्लबको आयोजनामा सम्पदा यात्रा हुने भएको हो । बिहिबार आयोजकले पत्रकार सम्मेलन गरेर कार्यक्रम बारे जानकारी गराएको छ ।

हेटौँडा उपमहानगरपालिका र मकवानपुरगढी गाउँपालिकामा रहेका धार्मिकस्थलहरुको प्रचार-प्रसार गर्ने उद्देश्यले हेटौँडा एडभेन्चर क्लबले पहिलो पटक सम्पदा यात्राको आयोजना गर्न लागेको अध्यक्ष सुशील सुवेदीले जानकारी दिनुभएको छ। सम्पदा यात्राले हेटौँडामा भएको पर्यटकीय गन्तव्यहरुको प्रवर्द्धन भई पर्यटकहरुको आकर्षण बढ्ने अध्यक्ष सुवेदीले बताउनुभयो ।

कार्यक्रममा सहभागी हुनका लागि दर्ता शुल्क तीन सय रुपैयाँ तोकिएको छ। कार्यक्रममा ६५ वटा मोटरसाइकल र १ सय ३० जना व्यक्तिहरुको सहभागिता रहने अनुमान रहेको उहाँले बताउनुभयो । मकवानपुरसहित बारा, पर्सा तथा चितवन जिल्लाका यात्रीहरुको सहभागिता रहने उहाँले बताउनुभयो । हेटौँडा-४ पशुपति मन्दिर परिसरबाट सुरु हुने यात्रा पाथिभरा, स्मारक, पूण्यक्षेत्र, वृन्दावन कुष्माण्ड सरोवर, वनविज्ञान क्याम्पस, कर्रा गुम्बा, चुरियामाई मन्दिर, जुरेथुम, गुम्बाडाँडा, राजदेवी गुफा, सालक पार्क, मकवानपुरगढी, वंशगोपाल, चौघडा, मनकामना, वनस्खण्डी, दक्षिणकाली, रुद्रेश्वर, मनमोहन पार्क, कमाने हुँदै वनदेवी मन्दिरबाट हेटौँडा-७ न्यूरेनीमा समापन गरी झण्डै १ सय २० किलोमिटरको यात्रा तय गरिने बताइएको छ । कार्यक्रमका लागि करिब ३ लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ।

# संविधान दिवसमा रक्तदान कार्यक्रम

समाज संवाददाता

हेटौँडाः संविधान दिवस तथा राष्ट्रिय दिवसको अवसरमा बिहिबार हेटौँडामा रक्तदान कार्यक्रम भएको छ। कार्यक्रममा २१ जनाले रक्तदान गरेका छन् ।

हेटौँडाको बुद्धचोकमा आयोजना गरिएको रक्तदान कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले रक्तदातालाई रगत संकलन गर्ने व्याग हस्तान्तरण गर्नुभएको थियो । रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौँडाको प्राविधिक सहयोग रहेको थियो ।

## जिल्ला लिग फुटबल

# गोर्खा ब्वाइज क्वार्टरफाइनलमा

समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी मकवानपुर जिल्ला लिग फुटबल प्रतियोगितामा गोर्खा ब्वाइज क्लब क्वार्टरफाइनलमा प्रवेश गरेको छ । बिहीबार हेटौंडा-६ स्थित गौरीटार रंगशालामा भएको समूह चरणको अन्तिम खेलमा महाबीर क्लबलाई ११-० गोलले सहजै पराजित गर्दै गोर्खा ब्वाइजले क्वार्टरफाइनलमा आफ्नो स्थान बनाउन सफल भएको हो ।

समूह 'ख'बाट ६ खेलमा ५ जीत र एक बराबरी खेलेको गोर्खा ब्वाइज १६ अंक जोडेर तालिकाको शीर्ष स्थानमा रहँदै क्वार्टरफाइनलमा प्रवेश गरेको हो । गौरीटारमै भएको हटिया स्पोर्टस् र ७ नम्बर फुटबल क्लबबिचको खेल १-१ गोलको बराबरीमा रोकिएको छ ।

यता, सिमटार मैदानमा भएको एफसी नामटार र सानोपोखराबीचको खेल पनि एक-एक गोलको बराबरीमा रोकिएको छ । सिमलटारमै भएको दोस्रो खेलमा न्यू कम्बाइनलाई १-० गोलले हराउँदै पदमपोखरी क्लब विजयी भएको छ ।

प्रतियोगिताको फाइनल खेल असोज ९ गते हुनेछ । प्रतियोगिताको उपाधि विजेता टिमले एक लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । प्रत्येक खेलको म्यान अफ द म्याच हुने खेलाडीहरुका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ । डाँफे गत वर्षको प्रतियोगिताको उपाधि विजेता हो भने हटिया स्पोर्टस् उपविजेता हो ।

# मनोशिक्षासहित महिलालाई जीविकोपार्जन सहयोग

समाज संवाददाता

हेटौंडाः राष्ट्रिय मानसिक स्वास्थ्य स्वावलम्बन संगठन कोशिशले मकवानपुरको बकैया गाउँपालिका-६, जुनेली बस्तीकी एक महिलालाई जीविकोपार्जनका लागि सहयोग गरेको छ। संस्थाले दुई वटा ब्याउने बाख्राको साथमा एउटा पाठी सहयोग गरेको हो ।

जुनेलेबस्तीकी ३२ वर्षीया सरस्वती थिङ बज्यूलाई कोशिशले मानसिक स्वास्थ्य समस्याको उपचारपश्चात् पारिवारिक पुनर्मिलन गराएपछि जीविकोपार्जनका लागि सहयोग गरेको हो । पारिवारिक आर्थिक अवस्था र मानसिक स्वास्थ्यमा थप सुधार ल्याउने उद्देश्यले करिब २० हजार रुपैयाँ बराबरको ३ ओटा बाख्रा उपलब्ध गराइएको कोशिशको अल्पकालीन आवास गृहकी सामाजिक कार्यकता मञ्जु क्षेत्रीले बताउनुभयो।

बकैया-६ का वडा सदस्य माइलीमाया लोप्चन र वडा सचिव मञ्जु बज्यूले जीविकोपार्जन सहयोग हस्तान्तरण गर्नुभएको हो । सहयोग हस्तान्तरण गर्दै उहाँहरुले यस्ता मानसिक समस्या भएका व्यक्तिहरुलाई उपचार गर्दै पुनस्थापना गर्न सहयोग गरेकोमा कोशिशलाई धन्यवाद दिनुभयो।

करिब डेढ वर्षअघि हेटौंडा बजारमा सरस्वतीलाई बेवारिसे अवस्थामा फेला पारेर जिल्ला प्रहरी कार्यालय मकवानपुरले उपचारका लागि कोशिशलाई सिफारिस गरेको थियो । २०६५ सालमा स्थापित कोशिसले मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्यको प्रवर्द्धनमा योगदान पुऱ्याउँदै आएको छ। हालसम्म देशका विभिन्न ठाउँका एक हजार ५ सयभन्दा बढी महिलाहरुलाई उद्दार, उपचार गरी समुदायमा मर्यादित जीवन जिउनका लागि पुनर्मिलन गराएको छ। संस्थाले १५ हजारभन्दा बढी व्यक्तिहरुलाई मनोशिक्षा प्रदान गरी मनोसामाजिक सहयोग पुऱ्याएको बागमती प्रदेश फोकल पर्सन सकुन्तला पौडेलले बताउनुभयो।

कार्यक्रममा बकैया गाउँपालिकाका उपाध्यक्ष भक्तबहादुर खत्री, वडा नम्बर ३, ६ र ११ का वडा अध्यक्षहरु, वडा सदस्यहरु, वडा सचिव, स्वास्थ्य संयोजक, महिला तथा बालबालिका शाखा प्रमुख, सामाजिक विकास शाखा प्रमुख, स्वास्थ्य स्वयम्सेविका, टोल विकास संस्थाका अध्यक्ष, स्थानीय समाजसेवी, परिवार का सदस्यलगायत स्थानीयको उपस्थिति रहेको थियो । जीविकोपार्जन सहयोगसँगै कोशिशले मानसिक स्वास्थ्य तथा मनोसामाजिक सु-स्वास्थ्यसम्बन्धी मनोशिक्षा कार्यक्रम सञ्चालन गरेको थियो।


## नेपालको संविधानका मुख्य विशेषताहरू

- जननिर्वाचित संविधानसभाबाट जारी भएको पहिलो संविधान,
- सार्वभौमसत्ता एवम् राजकीय सत्ता नेपाली जनतामा निहित,
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था,
- संसदीय शासन प्रणाली, स्वतन्त्र न्यायपालिका,
- धर्मनिरपेक्षता तथा समावेशीकरणको सिद्धान्तलाई आत्मसात,
- आवधिक, प्रत्यक्ष र समानुपातिकसहितको मिश्रित निर्वाचन प्रणाली,
- मनव अधिकार र विधिको शासनको प्रत्याभूति,
- संविधानवाद एवम् लोकतान्त्रिक मूल्यमान्यतामा आधारित ।

नेपाल सरकार
विज्ञापन बोर्ड



Admission Open !!!

+2
Science
Hotel Management
Commerce
Computer Science
Law (English Medium)



BSc. CSIT
BCA
BBS
} TU Affiliate

BSc. CSIT/BCA को तयारी कक्षा चलिरहेको छ।

(९८५५०७७४१७/९८५५०६७४३५/९८५५०६९४४४)
हेटौंडा- सिटि कलेज (जेनिथ मावि)
हेटौंडा-५, पिप्ले



## त्रिभुवन माध्यमिक विद्यालय

हेटौँडा-११, नवलपुर

**सूचीदर्ता गर्ने सम्बन्धी सूचना**

*(प्रथमपटक सूचना प्रकाशित मिति २०८१।०६।०४)*

यस विद्यालयका लागि आ.व. २०८१/०८२ मा आवश्यक पर्ने निम्नलिखित अनुसारका मालसामान, सेवा, खरिद तथा मर्मत कार्यका लागि इजाजतप्राप्त फर्म, कम्पनि तथा सेवाप्रदायकहरुले दरखास्त फाराम साथ प्रचलित नियमानुसार मूल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्र (भ्याट/पान), फर्म दर्ता नवीकरण भएको प्रमाणपत्रहरुको र आ.व. २०८०/०८१ को करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि १/१ प्रति संलग्न गरी सूचीदर्ताको निमित्त छुट्टा-छुट्टै सूची तयार गरी विद्यालय प्रशासन खुल्ने समय (बिहान १०:००- दिनको ४:०० बजे) भित्र असोज १३ गतेसम्म सुचिकृत हुन आब्हान गरिन्छ। रीत नपुगी र म्याद नाघी आएका निवेदनउपर कुनै कारबाही हुने छैन ।

**दर्तागर्नुपर्ने सूचीहरू :**

१) कार्यालय उपकरण : कम्प्युटर, युपीएस, प्रिन्टर, फोटोकपी, टेलिफोन, फायर एक्सटिङगुइसर, ब्याट्रि, स्टेवीलाइजर लगायत इलेक्ट्रोनिक उपकरणहरु आपूर्ति कार्य,
२) प्रिन्टर, फोटोकपी आदि उपकरणमा लाग्ने टोनर, कार्टेज एवम् अन्य पार्टपूर्जा आपूर्ति कार्य,
३) फर्निचर तथा फर्निसिङ सामानहरु आपूर्ति कार्य,
४) इलेक्ट्रिक तथा इलेक्ट्रोनिक उपकरणहरुको मर्मत सम्भार कार्य,
५) भवन, फर्निचर, फर्निसिङसम्बन्धी मर्मत सम्भार कार्य,
६) इलेक्ट्रिक सामान आपूर्तिसम्बन्धी कार्यहरु,
७) खानेपानी धारा, टंकी आपूर्ति तथा मर्मतसम्बन्धी कार्यहरु,
८) सि.सि. क्यामेरा ए.सी. आपूर्ति तथा मर्मतसम्बन्धी कार्यहरु,
९) शौचालयका सामान, सरसफाईसम्बन्धी केमिकल तथा सामानसम्बन्धी कार्य,
१०) पाठ्यपुस्तक आपूर्ति, फोटोकपी पेपर, लेटर प्याड, खाम, उत्तरपुस्तिका छपाई तथा मसलन्दसम्बन्धी अन्य कार्यहरु,
११) स्टिल, फलाम तथा सोबाट बनेका सामानहरु आपूर्ति तथा मर्मतसम्बन्धी कार्यहरु,
१२) उत्तरपुस्तिका, पाठ्यपुस्तक आपूर्ति गर्ने कार्यहरु ।

**विस्तृत जानकारीका लागि**
**९८४५०२८३४९, ९८५५०१०७६९**


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ